जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक १७४ • २०८३ साल मंसिर ११ गते शुक्रबार (27 November, Friday, 2026) • पृष्ठ ४ • मूल्य रु. ५।-

उखुको मूल्यमा सरकार र किसानबीच टकराव

उत्पादकको अडान-अनुदानसहित १ हजार २५ रुपैयाँ नपाए मिल चल्न नदिने



टुडे समाचारदाता

जनकपुरधाम । चालु सिजनका लागि उखुको न्यूनतम खरिद मूल्य निर्धारण गर्ने विषयमा सरकार र किसानबीच मतभेद चर्किएको छ । कृषि मन्त्रालयले किसान र चिनी उद्योगीबीच सहमति जुटाउन प्रतिक्विन्टल ६५० रुपैयाँ आसपासको मूल्य प्रस्ताव अघि बढाउने तयारी गरिरहँदा उखु उत्पादक किसानले भने सरकारी प्रस्ताव अस्वीकार गरेका छन् ।

सरकारले मूल्य निर्धारण प्रक्रिया अन्तिम चरणमा पुगेको र एक-दुई दिनभित्र मन्त्रिपरिषद्मा प्रस्ताव पठाउने तयारी गरेको जनाएको छ । तर, किसानले सरकारी अनुदानसहित प्रतिक्विन्टल १ हजार २५ रुपैयाँ पाउनुपर्ने अडान दोहोऱ्याउँदै माग पूरा नभए चिनी मिल सञ्चालन हुन नदिने चेतावनी दिएका छन् ।

कृषि, वन तथा पर्यावरण मन्त्रालयका सूचना अधिकारी डा. मणिरत्न अर्यालका अनुसार पछिल्लो छलफलमा किसान पक्ष ६७० रुपैयाँसम्म झर्न तयार देखिएको छ भने उद्योगीहरू ६४० रुपैयाँसम्म दिन सकिने अवस्थामा पुगेका छन् । दुवै पक्षको अडानबीच ६५० रुपैयाँ आसपासमा सहमति खोज्ने प्रयास भइरहेको उनले बताए ।

'किसान पक्षबाट अहिले ६७० रुपैयाँसम्म भन्नुभएको छ । मूल्य दिने मन्त्रालयले होइन, किन्ने उद्योगीले हो । उद्योगीसँग छलफल हुँदा उहाँहरू ६४० रुपैयाँसम्म जान सकिन्छ भन्दै हुनुहुन्छ,' अर्यालले भने ।

मन्त्रालयले दुवै पक्षको मध्यविन्दुका रूपमा ६५० रुपैयाँ आसपासको मूल्य निर्धारण गरी मन्त्रिपरिषद्मा प्रस्ताव पठाउने तयारी गरेको छ । त्यसअघि किसानलाई उपलब्ध गराइने प्रोत्साहन अनुदानका लागि अर्थ मन्त्रालयसँग सहमति लिने प्रक्रिया अघि बढाइएको अर्यालले जानकारी दिए ।

तर, उखु उत्पादक महासंघका अध्यक्ष श्यामबाबु रायले मन्त्रालयको प्रस्ताव किसानले अस्वीकार गरिसकेको बताए । उनका अनुसार पछिल्लो छलफलमा उद्योगीहरूले २० रुपैयाँभन्दा बढी मूल्य बढाउन नसकिने अडान राखेका थिए । कृषि मन्त्रालयका सचिवले पनि गत वर्षको ६२० रुपैयाँमा ३० रुपैयाँ थप गरी ६५० रुपैयाँ पुऱ्याउने प्रस्ताव गरेका थिए ।

'हामीले प्रस्ताव मानेनौँ । तपाईं सिफारिस गर्नुस्, हामीलाई मतलब छैन, हामी मिलमा आन्दोलन गर्छौं भनेर हिँड्यौं,' रायले भने ।

उनले जनाए अनुसार सरकारी अनुदानसहित प्रतिक्विन्टल १ हजार २५ रुपैयाँ पाउनुपर्ने किसानको माग यथावत् छ । बजारमा चिनी प्रतिकिलो १२० देखि १३० रुपैयाँसम्म बिक्री भइरहेको र भारतमा समेत चिनीको मूल्य उल्लेख्य बढेको अवस्थामा किसानलाई ३० रुपैयाँ मात्रै वृद्धि गर्नु अन्यायपूर्ण भएको उनको तर्क छ ।

भारत सरकारको उपभोक्ता मामिला विभागको २३ नोभेम्बर २०२६ को तथ्यांकअनुसार त्यहाँ चिनीको औसत खुद्रा मूल्य प्रतिकिलो ६०.८५ भारु र थोक मूल्य ५६.४५ भारु पुगेको छ । अघिल्लो वर्षको तुलनामा खुद्रा मूल्य ३२.०५ र थोक मूल्य ३१.२५ प्रतिशतले बढेको तथ्यांकले देखाउँछ । चिनीको बजार मूल्य र उखुको खरिद मूल्यबीच सन्तुलन कायम गर्न आपूर्ति मन्त्रालयलाई समेत छलफलमा सहभागी गराउन आफूले आग्रह गरे पनि सुनुवाइ नभएको रायको आरोप छ । किसानका समस्या सुनाउन कृषि मन्त्री गीता चौधरी र राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेसँग भेटका लागि समय माग्दा पनि नपाएको उनले गुनासो गरे ।

सरकारको आगामी निर्णयपछि आन्दोलनका कार्यक्रम घोषणा गर्ने किसानको तयारी छ । 'किसानको माग अनुसार मूल्य नतोकेसम्म हामी उद्योग चल्न दिँदैनौं, मिल सञ्चालन हुन दिँदैनौं,' रायले भने ।

यसैबीच, मन्त्रालयले उखुको जातअनुसार थप रकम उपलब्ध गराउने विषयमा पनि छलफल गरिरहेको छ । हाल उन्नत जातको उखु लगाउने किसानलाई प्रतिक्विन्टल १५ देखि २० रुपैयाँसम्म थप दिने अभ्यास छ । यस वर्ष उद्योगीहरूले कम्तीमा २५ रुपैयाँ थप गर्नुपर्ने प्रस्ताव गरेका छन् भने किसानले ५० रुपैयाँ माग गरेका छन् । यस वर्षको अनुभवका आधारमा आगामी वर्षदेखि उखुको जातअनुसार छुट्टाछुट्टै मूल्य निर्धारण गर्ने मन्त्रालयको योजना छ ।

गत भदौदेखि शुरु भएको मूल्य निर्धारण प्रक्रिया अन्तर्गत कृषि विभागले तराई-मधेशका ११ जिल्लामा अध्ययन गरी प्रतिक्विन्टल ६२८ रुपैयाँ खरिद मूल्य प्रस्ताव गरेको थियो । गत वर्ष उद्योगीले दिने मूल्य ६२० रुपैयाँ र सरकारी अनुदान ७० रुपैयाँ गरी किसानले कुल ६९० रुपैयाँ पाएका थिए ।

यस वर्ष विभागले प्रस्ताव गरेको मूल्य गत वर्षको तुलनामा जम्मा आठ रुपैयाँ मात्रै बढी हुने भएपछि किसानले पहिलो चरणको वार्ता बहिष्कार गरेका थिए । त्यसपछि मन्त्रालयले पुनः वार्ता बोलाएको थियो । तर, सरकारी पक्षले सहमतिको नजिक पुगेको दाबी गरे पनि किसानको असन्तुष्टि कायमै रहेकाले उखु मूल्य विवाद तत्काल समाधान हुने संकेत देखिएको छैन ।

जनकपुरधाम-अयोध्या रेल सेवाको भाडादर निर्धारण



टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधाम र भारतको अयोध्याबीच धार्मिक तथा सांस्कृतिक सम्बन्ध थप सुदृढ बनाउने उद्देश्यले सञ्चालन गर्न लागिएको सरयू-कमला एक्सप्रेस रेल सेवाको भाडादर निर्धारण गरिएको छ ।

नेपालका प्रधानमन्त्री बालेन्द्र साह र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्त रूपमा उद्घाटन गरेको उक्त रेल सेवा व्यावसायिक रूपमा सञ्चालन गर्ने तयारी अन्तिम चरणमा पुगेको नेपाल रेल्वे कम्पनी लिमिटेडले जनाएको छ । भारतीय रेल्वेले टिकट बुकिङ खुला गरिसकेको छ भने नेपालतर्फ बिहीबारदेखि टिकट बिक्री शुरु गर्ने तयारी गरिएको छ ।

भारतीय रेल्वे मन्त्रालयले यात्रुको सुविधा अनुसार चार श्रेणीमा भाडादर निर्धारण गरेको छ । जसअनुसार शयनयान श्रेणीको भाडा ३६५ भारतीय रुपैयाँ, वातानुकूलित तृतीय इकोनोमीको ८८५ रुपैयाँ, वातानुकूलित तृतीय श्रेणीको ९६५ रुपैयाँ र वातानुकूलित द्वितीय श्रेणीको १ हजार ३६० रुपैयाँ तोकिएको छ ।

रेलमा यात्रा गर्न नेपाली नागरिकले नेपाली नागरिकता, राहदानी वा मतदाता परिचयपत्रमध्ये कुनै एक अनिवार्य रूपमा प्रस्तुत गर्नुपर्नेछ ।


कुल १७ डिब्बा रहने रेलमा वातानुकूलित द्वितीय श्रेणीका दुई, तृतीय श्रेणीका तीन, तृतीय इकोनोमीका तीन, शयनयानका सात र एसएलआरका दुई डिब्बा रहनेछ ।

रेल्वे सेवा शनिबार देखि नियमित रुपमा सुचारु हुने भएपछि विवाह पञ्चमी, रामनवमीजस्ता धार्मिक पर्वमा तीर्थयात्रीको आवागमन बढाउनुका साथै जानकी मन्दिर, राममन्दिर र मिथिला संस्कृतिको प्रचारप्रसारमा समेत योगदान पुऱ्याउने जनकपुरधामवासीको कथन छ ।

सभापतिमा उम्मेदवारी दिने तयारीमा विमलेन्द्र निधि

टुडे समाचारदाता

जनकपुरधाम । नेपाली कांग्रेसको देउवा समूहमा सभापति पदका लागि नेता विमलेन्द्र निधिको उम्मेदवारीबारे चर्चा चुलिएको छ । मधेश प्रदेशका आठवटै जिल्लाका सभापतिले सामूहिक रूपमा सभापति पदमा उम्मेदवारी दिन आग्रह गरेपछि निधि चुनावी तयारीमा जुटेका हुन्। उनले आफ्नो उम्मेदवारीलाई बलियो बनाउन पार्टीका पूर्वमहामन्त्री शशांक कोइरालासँग समेत समर्थन मागेका छन् ।



देउवा समूहले आगामी मंसिर २१ देखि २३ गतेसम्म आयोजना गर्न लागेको महाधिवेशनमा निधिले सभापति पदमा प्रतिस्पर्धा गर्ने तयारी थालेका छन् । यसका लागि उनले आफूनिकट नेताहरूसँग छलफल अघि बढाउनुका साथै पार्टीभित्र समर्थन जुटाउने प्रयास गरिरहेका छन् ।

निवर्तमान सभापति शेरबहादुर देउवा पक्षले पूर्वमहामन्त्री शशांक कोइरालालाई १५औँ महाधिवेशन तयारी समितिको संयोजक बनाएको छ । उनकै नेतृत्वमा महाधिवेशनसम्बन्धी तयारीका काम भइरहेका छन् । यही क्रममा बुधबार चुनदेवीस्थित सम्पर्क कार्यालयमा तयारी समितिको बैठक बस्नुअघि निधि र कोइरालाबीच भेटवार्ता भएको थियो ।

भेटघाटका क्रममा निधिले आफू सभापति पदमा उम्मेदवारी दिने तयारीमा रहेको जानकारी गराउँदै कोइरालासँग सहयोग र समर्थन मागेका थिए । उनले १४औँ महाधिवेशनमा आफूले देउवासँग सभापति पदमा प्रतिस्पर्धा गरेको स्मरण गराएका थिए । त्यतिबेला आफूहरूको सहयोगकै कारण देउवा सभापति निर्वाचित भएको उनको भनाइ थियो।

त्यसैगरी, विगतमा आफूहरूले कोइरालालाई महामन्त्री बनाउन सहयोग गरेको र अहिले महाधिवेशन तयारी समितिको संयोजक बनाइएको प्रसंग पनि निधिले उठाएका थिए । पार्टीमा विभिन्न जिम्मेवारी निर्वाह गरिसकेको र अघिल्लो महाधिवेशनमा समेत सभापति पदमा प्रतिस्पर्धा गरिसकेकाले यसपटक आफ्नो उम्मेदवारी स्वाभाविक भएको उनको तर्क थियो ।

तर, निधिले समर्थन मागे पनि कोइरालाले कुनै स्पष्ट जवाफ दिएनन् । निधिनिकट एक नेताका अनुसार कोइरालाले उनको कुरा सुने पनि आफ्नो धारणा भने सार्वजनिक गरेनन् ।

निधिले आफूनिकट नेताहरूलाई समेत सभापति पदमा उम्मेदवारी दिने तयारीअनुसार संगठनात्मक गतिविधि अघि बढाउन निर्देशन दिइसकेका छन् । मधेश प्रदेशका आठवटै जिल्लाका सभापतिले दिएको सुझावले पनि उनलाई उम्मेदवारीका लागि थप उत्साहित बनाएको नेताहरूको भनाइ छ ।

देउवा समूहमा सभापति पदका आकांक्षीको संख्या बढ्दै गएको छ । निधिसँगै शशांक कोइराला, प्रकाशशरण महत र एनपी साउदको नाम पनि चर्चामा छ । शशांक स्वयं पनि सभापति पदका आकांक्षी हुन् ।

देउवा समूहले अहिलेसम्म ६० भन्दा बढी जिल्लाको अधिवेशन सम्पन्न गरिसकेको छ भने दुई प्रदेशको अधिवेशन पनि सकिएको छ । तल्लो तहका अधिवेशन सम्पन्न हुँदै गएपछि अब केन्द्रीय नेतृत्व चयनका विषयमा पनि नेताहरूबीच छलफल हुन थालेको छ ।

देउवानिकट नेताहरूका अनुसार देउवाले आफूलाई नै सभापतिको उत्तराधिकारी बनाउने विश्वास शशांकमा छ । गत साउनको राष्ट्रिय सम्मेलनबाट शशांकलाई महाधिवेशन तयारी समितिको संयोजक बनाउनुको अर्थ आगामी नेतृत्वमा पनि उनलाई अघि सार्ने संकेतका रूपमा बुझ्नुपर्ने शशांशनिकट एक नेताको भनाइ छ ।

यद्यपि, सभापति पदका आकांक्षीहरूलाई व्यवस्थापन गर्न र पार्टीलाई थप समावेशी बनाउन विधान संशोधनको तयारीसमेत भइरहेको छ । प्रदेश तहसम्म पदाधिकारीको संख्या बढाइए पनि केन्द्रीय पदाधिकारीको संख्या थप्ने र केन्द्रीय कार्यसमितिको आकार विस्तार गर्ने विषयमा भने छलफल हुन बाँकी छ ।

देउवा समूहले अहिलेसम्म वडा, पालिका, प्रदेश सभा क्षेत्र, प्रतिनिधिसभा क्षेत्र, जिल्ला र प्रदेश तहका अधिवेशन सहमतिका आधारमा सम्पन्न गर्दै आएको छ। केन्द्रीय महाधिवेशन पनि सहमतिमै टुंग्याउने प्रयास भइरहेको छ । तर, निधिले सभापतिमा उम्मेदवारी दिने तयारी गरेपछि नेतृत्व चयनका लागि निर्वाचन हुन सक्ने सम्भावना पनि बढेको छ ।


विमलेन्द्र निधि, शशांक कोइराला र प्रकाशमान सिंहबीच १३औँ महाधिवेशनदेखि नै सभापतिमा साझा उम्मेदवार तय गर्ने विषयमा पटक-पटक छलफल हुँदै आएको थियो । उनीहरूबीच एकअर्काको निवासमा भेटघाट र लन्च मिटिङसमेत हुने गरेको थियो ।

तर, २०७८ मंसिर २४ देखि २८ गतेसम्म सम्पन्न १४औँ महाधिवेशनमा निधि र प्रकाशमान सिंह दुबैले सभापति पदमा उम्मेदवारी दिए । त्यसपछि पनि उनीहरूबीच भेटघाट र छलफल जारी रह्यो । अहिले निधि र शशांक दुवैले सभापति बन्ने आकांक्षा देखाएपछि पुरानो सहकार्य प्रतिस्पर्धामा परिणत हुन सक्ने अवस्था देखिएको छ । प्रकाशमान सिंहले भने आफ्नो उम्मेदवारीबारे अहिलेसम्म स्पष्ट धारणा सार्वजनिक गरेका छैनन् ।


यता, देउवा समूहका केही नेताहरूले भने पार्टीभित्रका सबै पक्षलाई समेटेर सहमतिमै सभापति र पदाधिकारी चयन गर्ने प्रयास भइरहेको बताएका छन् । देउवानिकट एक नेताका अनुसार प्रदेश अधिवेशन सम्पन्न भएपछि देउवाकै उपस्थितिमा पार्टीको भावी नेतृत्वबारे छलफल गर्ने तयारी छ ।

ती नेताका अनुसार पदाधिकारीको संख्या र केन्द्रीय कार्यसमितिको आकार विस्तार गर्न सके धेरै आकांक्षीलाई व्यवस्थापन गर्न सकिनेछ । अहिले कसलाई सभापति बनाउने वा कसलाई पदाधिकारी बनाउने भन्ने विषयमा औपचारिक छलफल सुरु भइसकेको छैन ।

देउवाले नेताहरूसँगको भेटमा सहमति हुन नसके निर्वाचनमार्फत नेतृत्व चयन गर्न सकिने संकेत दिएको पनि पदाधिकारीका एक आकांक्षीले बताएका छन् ।



जनकपुर टुडे



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

सम्पादकीय

थापा नेतृत्वको कांग्रेस आधिकारिक

सभापति गगन कुमार थापा रहेको नेपाली कांग्रेसलाई निर्वाचन आयोगले आधिकारिक मानेको छ । आयोगले नेपाली कांग्रेसको ११ औं महाधिवेशनले सभापतिमा चयन गरेको गगन थापा नेतृत्वमा रहेको कांग्रेसको विवरणलाई अद्यावधिक गरेको छ । यस अघि पनि कांग्रेसको सभापति गगन थापा चुनिएको विशेष महाधिवेशनलाई नै निर्वाचन आयोगले मान्यता दिएको थियो । चार तारे झण्डा र रुख चुनाव चिह्नसहित थापा नेतृत्वको कांग्रेस प्रतिनिधि सभाको चुनावमा भाग लिएको थियो । त्यही नेतृत्वले सम्पन्न गरेको ११ औं महाधिवेशनलाई आयोगले मान्यता दिँदै अद्यावधिक गरिदिएको छ। यसले समानान्तर कांग्रेसको वडादेखि जिल्ला हुँदै प्रदेशसम्मको अधिवेशन सम्पन्न गर्न लागेको शेरबहादुर देउवा नेतृत्वको कांग्रेसलाई धक्का लागेको छ। हुन त देउवा नेतृत्वको कांग्रेसले सर्वोच्च अदालतमा विचाराधिन मुद्दाको अन्तिम फैसलालाई कुरिरहेको छ । देउवाले गरिरहेको अधिवेशनलाई अब निर्वाचन आयोगले मान्यता दिने छैन । आयोगले स्थानीय निकायको निर्वाचन र त्यस लगायतका विषयहरुमा छलफल गर्न राजनीतिक दलहरुलाई बोलाएको बखत पनि देउवा नेतृत्वको कांग्रेसलाई खबर गरेको थिएन । सर्वोच्च अदालतको फैसलालाई देउवा नेतृत्वको कांग्रेसले कुरेपनि थापा नेतृत्वको कांग्रेसलाई निर्वाचन आयोगले सबै कार्य गर्ने मार्ग प्रशस्त गरिदिएको छ। देउवा समुहलाई आयोगले चिनिरहेको छैन । संस्थापन पक्षको कांग्रेसले नै मान्यता पाएपछि इतर पक्षले अब अर्को नाम र छाप लिएर नयाँ दर्ता हुनुपर्ने अवस्था छ । विगतमा पनि कलश छाप चुनाव चिह्न लिएर देउवा समुहको नेपाली कांग्रेस(प्रजातान्त्रिक) चुनावमा गएको थियो । आयोगले थापा नेतृत्वको कांग्रेसलाई अद्यावधिक गरिदिएपछि देउवा समुहले दाबी गरेको कांग्रेस आधिकारिक रहेन । देउवाले चार तारे झण्डा, रुख छापको प्रयोग गरे त्यो पूर्ण रुपमा अमान्य र कारबाहीमा पर्न सक्छ । कांग्रेसको हकमा दुबै पक्ष मिल्नु नै उपयूक्त हुनेछ । आगामी स्थानीय र प्रदेशको निर्वाचनमा कांग्रेस मिलेर नगए ठूलो क्षति ब्यहोर्नु पर्ने निश्चित छ । पार्टी विभाजनको अभियानमा सशक्त रुपमा लागेका इतर पक्षका नेताहरुलाई तत्काल धेरै ठूलो उपलब्धिमूलक कार्य गरिरहेको भान भइरहेको होला ? तर त्यो आगामी चुनावमा नै भंग हुन सक्छ । नेपाली जनताले कांग्रेसलाई विभाजन भएर चुनावमा देख्न चाहेको छैन । कांग्रेसका नेताहरुले देशका लागि पनि एकजुट हुनु राम्रो हो । विगतमा विभाजन रहेको कांग्रेले भोगेको परिणतिलाई धेरै चाडो बिर्सेको जस्तो छ । कांग्रेसमा देउवाले दोस्रो पटक विभाजनको खाल्डो खनेका छन् । त्यो उनको हितमा पनि छैन । केही नेताहरुले देउवालाई पार्टीबाट अलग राखेर महाधिवेशनको गलत बाटो देखाएका छन् । कांग्रेसको सभापतिमा थापा नै आधिकारिक बनेका छन् । देउवालाई आयोगले नचिनेपछि पार्टीको झण्डा र छाप लिएर अधिवेशन गर्न हुँदैन्थ्यो ।

एनपिएल क्रिकेटको उपलब्धि तथा आगामी संस्करणका अपेक्षा



राजु सिलवाल

टेलिभिजनमा मात्र देखिएका विश्व प्रसिद्ध क्रिकेटर हरुका साथै नेपाली युवाहरुद्वारा काठमाडौंको कीर्तिपुर स्थित क्रिकेट मैदानमा गरिएको छक्का र चौकाको वर्षासँगै एकपछि अर्को विकेट झरेका रोमाञ्चकारी दृश्यहरूको सुखद सम्झनाका साथ नेपाल प्रिमियर लिग क्रिकेट एनपिएलको तेश्रो संस्करण सम्पन्न भएको छ। दर्शकहरुले यसपालि एनपिएलमा तीन वटा शतक प्रत्यक्ष रुपमा अवलोकन गर्ने महत्वपूर्ण अवसर पाएका थिए । पोखरा एभेन्जर्स टिमबाट खेलेका क्यानडाको राष्ट्रिय टिमका ओपनर ब्याटसम्यान युवराज सामरा, चितवन राईनोजबाट खेलेका श्रीलङ्काका ब्याटसम्यान कामिल मिसाराको शतकपछि फाइनलमा दर्शकहरुले स्कटल्याण्डका जर्ज मुन्सीको सनसनीपूर्ण सतकको मज्जा लिने मौका पाए ।

महत्वपूर्ण कीर्तिमानहरू

एनपिएलको इतिहासमा एउटै खेलमा ५४ बलमा सर्वाधिक १२५ रन बनाएर सुदूरपश्चिम रोयल्सलाई उपाधि दिलाउन जर्ज मुन्सीले उल्लेखनीय भूमिका खेलेका थिए । सुदूरपश्चिम टिम तीन पटक फाइनलमा पुगेता पनि यसपटक पहिलो चोटी लुम्बिनी लायन्स टिमलाई गत वर्षको बदला लिँदै १० विकेटले पराजित गरेर उपाधि जित्न सफल भएको थियो। लुम्बिनी लायन्स टिम भने अपराजित बन्दै फाइनलमा पुग्ने पहिलो टिम बनेको थियो । गत वर्षको उपाधि विजेता लुम्बिनीले यसपालि पनि फाइनलमा उत्कृष्ट पुनरागमन गरेको थियो। पहिलो संस्करणमा सहभागी टिमहरु मध्ये पुछारमा रहन पुगेको लुम्बिनी दोस्रो संस्करणमा उपाधि हात पार्न सफल भएपनि यसपालि फाइनलमा फितलो प्रदर्शनले अघि बढन असमर्थ बन्न पुग्यो । सुदूरपश्चिम रोयल्स भने तेस्रो संस्करणमा दोस्रो क्वालिफायर्समा चितवन राईनोजलाई पराजित गरी तेस्रो पटक फाइनलमा पुग्न सफल भएको थियो । गत वर्ष भने यो टिम फाइनलमा पुग्ने पहिलो टिम बन्न पुगेको थियो । गत दुई संस्करणको उप विजेताका रुपमा खुम्चनु परेको पीडामा रहेको सुदूरपश्चिम टिमका लागि फाइनल खेलमा जर्ज मुन्सीले लगातार प्रहार गरेको १२ छक्का तथा ८ चौकाले रङ्गशालामा भएको गुज्जयमान दरिलो मल्हम बन्न पुगेको थियो । यस वर्ष नेपालमा तीन खेल मात्र खेलेका मुन्सीले लुम्बिनी लायन्ससँगै खेलेको पहिलो खेलमा कुनै पनि रन लिन नसकि पेभेलियर फर्कनु परेको थियो भने चितवनसँगको खेलमा ८ रन मात्र लिएका थिए ।अघिल्लो संस्करणमा विराटनगर किङ्गसका तर्फबाट खेल्दा ६ खेलमा कूल ६० रन मात्र बनाउन सकेका मुन्सीको पछिल्लो पटकको सफलता ऐतिहासिक हुन पुग्यो । अझ उल्लेखनीय प्रसङ्ग त एनपिएलमा ८ टिममा सहभागी भएका स्वदेशी तथा विदेशी खेलाडीहरु मध्ये ब्यक्तिगत रुपमा सबैभन्दा बढी कूल १७ वटा विकेट लिन चितवन राईनोज टिमका नेपाली खेलाडी रिजन ढकाल सफल हुनु नेपाली खेल जगतको गौरवको विषय मानिएको छ । प्रतियोगितामा पोखरा एभेन्जर्सका युवराज सामराले व्यक्तिगत रुपमा कूल २९४ रन बनाउन सफल भएका थिए । दोस्रो स्थानमा विराटनगर किङ्गसका नेपाली खेलाडी लोकेश बमले २४२ विशाल रन बनाएका थिए । प्रतियोगिता अवधिभर सबैभन्दा बढी १८ वटा छक्का बनाउन लोकेश बम सफल भएका थिए। पोखरा टिमका युवराज सामराले कूल २९ वटा चौका लिएका थिए । एउटै खेलमा सर्वाधिक ६ विकेट लिएर नेपालका सन्दिप लामिछानेले अर्को महत्वपूर्ण कीर्तिमान बनाएका थिए ।

करोडौं पुरस्कार

नेपालमा हालसम्म आयोजना भएका खेलकुद प्रतियोगितामध्ये सर्वाधिक धनरासीको पुरस्कार प्रदान गरिनु एनपिएल क्रिकेट प्रतियोगिताको विशेषता बन्न पुगेको छ । निजी क्षेत्रको लगानीमा सञ्चालन भइरहेका सहभागी टिमहरुको यो प्रतियोगितामा निजी क्षेत्रका व्यावसायिक प्रतिष्ठानहरुको सक्रियता तथा संलग्नता पनि आकर्षक रुपमा भइरहेका छन् । यसकै कारण जुटेको थुप्रै प्रयोजनले उपाधि विजेता सुदूरपश्चिम, उपविजेता लुम्बिनी लायन्स, तृतीय चितवन राईनोज र काठमाडौं चौथो भएको काठमाडौं गोर्खाजलाई गरी करोडौं रुपैयाँ नगद पुरस्कार प्रदान गरिएको थियो । यस बाहेक विभिन्न टिमका नेपाली तथा विदेशी खेलाडीहरुले लाखौं रुपैयाँ नगद पुरस्कार पाएका छन् । प्रतियोगिता अवधिभर २१८ रनका साथै ६ विकेट लिएर प्रतियोगिताकै सर्वोत्कृष्ट खेलाडी घोषित भई सुदूरपश्चिम टिमका कप्तान दिपेन्द्र सिंह ऐरीले ५ लाख रुपैयाँ नगद पाएका थिए । फाइनलका सबैभन्दा प्रभावशाली खेलाडी बन्न सफल सुदूरपश्चिम टिमका जर्ज मुन्सीले बेग्ला बेग्लै राशिका विभिन्न चार पुरस्कार हात पार्न सफल भएका थिए ।

कार र मोटरसाइकल पनि

यसपालि एनपिएल खेलेका खेलाडीहरुमध्ये सर्वाधिक भाग्यमानी नेपाली खेलाडीमा चितवन राईनोज टिमका बलर रिजन ढकाल हुन पुगे । हेटौंडाका २७ वर्षीय ढकालले सर्वोत्कृष्ट नेपाली खेलाडीका रुपमा प्रतियोगिताको सबैभन्दा आकर्षक मानिएको करिब ६५ लाख रुपैयाँ लागतको ओमोडाको मोटरकार पुरस्कार जित्न सफल भएका छन् । नेपाली राष्ट्रिय टिममा समेत प्रतिनिधित्व गरिसकेका ढकालले एनपिएलको तेस्रो संस्करणका ८ खेलमा सर्वाधिक १७ विकेट लिएका थिए । ढकालले ६.२२ को इकोनोमी रेटमा बलिङ गरेर विकेटहरु लिन पुगेका थिए ।

यस अघिका प्रतियोगितामा सुदूपश्चिम टिमका कप्तान दिपेन्द्रसिंह ऐरी र लुम्बिनी टिमका कप्तान रोहित पौडेलले कार पुरस्कार जितिसकेका छन् । भोलि सुखद सम्भावना बोकेका रिजन ढकालले गोल्डेन क्यापका साथै मोटरसाइकल तथा दुई लाख रुपैयाँ नगद पुरस्कार पनि पाएका छन् ।

जनकपुर बोल्ट्स टिमका तर्फबाट पहिलो पटक प्रतिभा छनौट शिविरमार्फत डेब्यु गरी कूल १२ विकेट लिन सफल रौतहटका १६ वर्षीय राहुल



यादवलाई प्रतियोगिताको इमर्जिङ प्लेयर घोषणा गरेर मोटरसाइकल पुरस्कार प्रदान गरिएको थियो । ९ कक्षामा अध्ययन गरिरहेका राहुल ४४६ जनाले नाम दर्ता गराएको प्रतिभा छनौट शिविरमा उत्कृष्ट प्रदर्शन गरी टिममा समावेश हुन सफल भएका थिए ।

कमेण्टेटरको कमाल

नेपाली दर्शकहरु माझ तक्लु दाइका नामले परिचित स्कटल्याण्डका टेलिभिजन कमेण्टेटर एण्ड्रयु लियोनार्ड विगत केही वर्षदेखि विभिन्न क्रिकेट प्रतियोगिताको सिलसिलामा नेपालको सकारात्मक सन्देश प्रवाह गर्ने काममा सक्रिय हुँदै आएका छन् । एनपिएल क्रिकेटको टेलिभिजन कमेण्ट्री गरेका उनी सहितका अन्य विदेशी कमेण्टेटरहरुले प्रतियोगिता अवधिभर नेपालको कला संस्कृति, प्राकृतिक सौन्दर्य, मौलिकता आदि नेपालबारे जानकारी दिएका थिए । यस्तो प्रसंशनीय कार्यले भविष्यका दिनमा नेपालमा पर्यटन प्रर्वद्धनमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गर्न सकिन्छ।अझ फाईनलका दिनमा सबै कमेण्टेटरहरुले ढाका टोपीका साथै नेपाली मौलिक पोसाक लगाएर उद्घोषण गरी गौरवान्वित बनाएका थिए ।

एनपिएल खेल्न आएका विभिन्न मुलुकका ख्यातिप्राप्त खेलाडीहरुले नेपाल बसाइका सिलसिलामा सगरमाथाका साथै अन्य पर्यटकीय क्षेत्रमा गरेको भ्रमण तथा उनीहरुको अभिव्यक्ति पनि नेपालको प्रचारका लागि निक्कै महत्वपूर्ण हुने ठानिएको छ ।

दर्शकहरूको अपार समर्थन

जाडोको मौसम बढिरहेको अवस्थामा रातिको समयमा समेत दिनहुँ अत्यधिक सङ्ख्यामा दर्शकहरु रङ्गशालामा उपस्थित भएर क्रिकेटको मनोरञ्जन लिनु यो प्रतियोगिताको सफलता मान्न सकिन्छ । एनपिएलको उद्घाटन तथा फाइनललगायतका खेलको टिकट छोटो अवधिमै सोल्डआउट भएबाट पनि क्रिकेटप्रतिको बढ्दो क्रेज देखिएको छ । फाइनलका दिनको टिकट पाउन नसकेका क्रिकेट प्रेमीहरुले विरोध प्रदर्शनसमेत गरेका थिए । विरोध बढ्दै गएपछि नेपाल क्रिकेट सङ्घ क्यानले फाइनलको टिकट प्राप्त गर्न नसकेका दर्शकहरुलाई आधिकारिक डिजिटल प्लेटफर्ममार्फत हेरेर प्रतियोगितालाई समर्थन गरिदिन आग्रहसमेत गर्नु परेको थियो । एनपिएलले दर्शकहरुमा क्रिकेटप्रतिको अभूतपूर्व आकर्षण बढाउँदै छुट्टै पहिचान स्थापित गरेको छ । तेस्रो संस्करणसम्म आइपुग्दा एनपिएलले क्रिकेटलाई सीमित खेलप्रेमीहरुको रुचिबाट आम नेपालीहरुका साथै विश्वका विभिन्न मुलुकका क्रिकेटलाई माया गर्नेहरुको ध्यान नेपालप्रति केन्द्रीत गर्न सफल भएको छ ।

व्यावसायिक उचाई

यो प्रतियोगिताको माध्यमबाट नेपालमा फ्रेन्चाइज क्रिकेटको व्यावसायिक ढोका खुल्न गएको छ। आठ फ्रेन्चाइज टोलीबीचको प्रतिस्पर्धाले नेपाली क्रिकेटमा व्यावसायिक लगानी, प्रायोजन, विज्ञापन र खेल व्यवस्थापनको सम्भावना क्रमश विस्तार हुँदै गएको छ । एनपिएलले ३ वर्षको अवधिमा नेपालमा क्रिकेटलाई व्यावसायिक रुपमा उचाईमा स्थापित गरेर खेलकुद जगतमै अभूतपूर्व परिवर्तन भित्र्याउन सफल भएको छ । नेपाली क्रिकेटले पछिल्लो समय हाँसिल गरेको लोकप्रियता र अन्तरराष्ट्रिय पहिचानलाई थप उचाईमा पुऱ्याउन एनपिएल महत्वपूर्ण माध्यम बन्न पुगेको छ ।

नेपालीलाई अवसर

यो प्रतियोगिताले घरेलु क्रिकेटमा नयाँ उत्साह थप्नुका साथै खेलाडीहरुमा व्यावसायिक प्रतिस्पर्धाको भावना अभिवृद्धि गर्दै गएको छ । एनपिएलमा विदेशी खेलाडीहरुको बढ्दो सहभागिताले नेपाली खेलाडीहरुलाई अन्तरराष्ट्रिय अनुभव भएका खेलाडीसँग खेल्ने, सिक्ने र आफ्नो क्षमता परीक्षण गर्ने अवसर पनि बिगतका वर्षहरुको तुलनामा यस वर्ष अझ बढन पुग्यो । एनपिएलको माध्यमबाट नेपालका नयाँ तथा प्रतिभाशाली खेलाडीलाई आफ्नो क्षमता देखाउ अवसर पाए । जसको कारण उत्कृष्ट प्रदर्शन गर्ने केही खेलाडीले राष्ट्रिय टोलीमा समेत प्रवेश गर्ने अवसर प्राप्त गरेका छन् ।

अन्तरराष्ट्रिय मान्यता

अन्तरराष्ट्रिय क्रिकेट परिषद् (आईसीसी)ले एनपिएलको तेस्रो संस्करणलाई आधिकारिक स्वीकृति दिनु यस पटकको उल्लेखनीय उपलब्धि मान्न सकिन्छ । एनपिएलका क्रममा खेलाडीहरुले लिएको रन तथा विकेटलाई खेलाडीको आधिकारिक टि २० तथ्याङ्कमा उल्लेख गरिएपछि खेलाडीहरु दिर्घकालीन रुपमा लाभान्वित हुन पुगे । यसैगरी यसैपाली लागु गरिएको डिसिजन रिभ्यु सिष्टम डिआरएस प्रविधिले अम्पायरका कर्यौं निर्णयसमेत सुधार गर्न सहयोग गर्यो जसले एनपिएल अझ निष्पक्ष र व्यावसायिक बन्दै यसको विश्वसनियता अझ बढ्न गएको महसुस गरिएको छ । एनपिएल सञ्चालन भइरहदा नेपालमा इन्टरनेशनल क्रिकेट काउन्सिल आईसिसीको क्षेत्रीय सम्मेलन आयोजना हुनु अर्को महत्वपूर्ण उपलब्धि हुन पुग्यो । विभिन्न मुलुकका क्रिकेटका उच्च पदाधिकारीहरुको सहभागिता रहेको उक्त सम्मेलनका सिलसिलामा सहभागीहरुले एनपिएलको दोस्रो क्वालिफायर तथा फाइनल खेलको अवलोकन गरी नेपालको क्रिकेटको भविष्यको आंकलन गरेका थिए ।

नेपाली क्रिकेटको व्यावसायिक विकास र अन्तरराष्ट्रिय पहिचानको लक्ष्यसहित आयोजना गरिएको एनपिएलमा नेपाली भाषाको टेलिभिजन कमेन्ट्री नहुनु उचित थिएन।आफ्नै देशको घरेलु क्रिकेट प्रतियोगिता हेर्न नेपाली दर्शकहरु अङ्गेजी कमेन्ट्री सुन्न बाध्य भएका थिए । विश्वभरका क्रिकेट प्रेमीहरुका लागि टेलिभिजन प्रत्यक्ष प्रसारण गरिएको भएता पनि नेपाली दर्शकलाई लक्षित गरी नेपाली भाषामा समेत टेलिभिजन प्रसारण गर्न भने आयोजक र प्रसारण अधिकार प्राप्त संस्थाले प्राथमिकता दिनु पर्ने थियो । नेपाली भाषा मात्र बुझ्ने दर्शकहरुले खेलको प्राविधिक पक्ष, रणनीति र खेलाडीको प्रदर्शन सहज रूपमा बुझ्न पाएनन् । नेपाली कमेन्ट्रीले खेलप्रतिको उत्साह, भावनात्मक सम्बन्ध र अपनत्व बढाउँछ । नेपाली क्रिकेटको व्यावसायिक विकास र दर्शक विस्तारको लक्ष्य राखेको एनपिएलले नेपाली भाषाको प्रसारणलाई प्राथमिकता नदिनु दुखदायी पक्ष मानिएको छ ।

एनपिएलका तेस्रो संस्करणसम्म राजधानी काठमाडौंमा भव्य रुपमा सम्पन्न भएका छन् । अब यसलाई विस्तारै राजधानी बाहिरका सहरहरुमा पनि विस्तार गरिँदै लैजानु आवश्यक ठानिएको छ । यसो गर्न सकिएको खण्डमा काठमाडौं उपत्यका बाहिरपनि खेलकुदका पूर्वाधारको विकास हुनुका साथै स्थानीय दर्शक तथा खेलाडीहरु बढी मात्रामा लाभान्वित हुन सक्ने थिए ।

कडाइ गरिनु पर्ने विषय

एनपिएलका आगामी संस्करणहरुलाई अझ व्यवस्थित बनाउन एनपिएलमा आबद्ध भएका खेलाडीहरुलाई प्रतियोगिता सम्पन्न नभएसम्म अर्को प्रतियोगिता खेल्न नपाइने नियम कडाइका साथ लागू गरिनुपर्छ । तर एनपिएलको क्यालेण्डर बनाउँदा अन्य सम्भावित प्रतियोगितालाई पनि ध्यान दिनु पर्ने जरुरी देखिन्छ । विगतमा दसैं र तिहार सक्किएपछि आयोजना गर्ने गरिएको एनपिएल क्रिकेटलाई यसपाली दसैंको उत्तरार्द्धमा अघि सारिएपनि नजिक पर्ने महत्वपूर्ण प्रतियोगितालाई क्यानले उचित प्राथमिकता नदिएको स्पष्ट महसुस देखियो । कतारको राजधानी दोहामा मङ्सिर ३ गतेदेखि सुरु भएको एसिसी मेन्स एसिया कप राईजिङ स्टार्समा एनपिएल नसक्किदैं नेपालले खेल टोली पठाउँदा भारत जस्तो क्रिकेटमा स्थापित मुलुकसँग लज्जाजनक रुपमा पराजय भोग्नु पर्यो । क्यानले १५ सदस्यीय खेल टोलीको घोषणा गरेपनि एनपिएलका कारण पाँच जना खेलाडी कतार जान नपाएपछि भारत ए सँग नेपालको खेल प्रदर्शन इतिहासमै कमजोर साबित हुन पुग्यो । क्यानको प्राथमिकता एनपिएलभन्दा मुलुकको प्रतिनिधित्व गर्ने प्रतियोगिता हुनु पर्दथ्यो । दोहामा नेपालका खेल अझै बाँकी छन् । यसतर्फ क्यानको सचेतता अत्यन्त आवश्यक ठानिएको छ।

नेपाली क्रिकेटको क्यालेण्डर सन् २०२७ मा पनि व्यस्त रहने भएको छ । यस सिलसिलामा नेपालले विभिन्न देशमा थुप्रै प्रतियोगिताहरुले खेल्दैछ क्रिकेटको भूमि अर्थात् होम अफ लर्डसमा नेपालले पहिलो पटक अन्तरराष्ट्रिय खेल खेल्ने अवसर पनि पाउने भएको छ । बङ्गलादेश, स्कटल्याण्ड तथा आयरल्याण्डसँग हुने आगामी खेल नेपालको क्रिकेटलाई अझ परिस्कृत बनाउन महत्वपूर्ण हुने अपेक्षा गरिको छ ।

अन्त्यमा खुसीको खबर

नेपाल प्रिमियर लिगको फाइनलमा सुदूरपश्चिम रोयल्सलाई जितको बधाइ दिनुहुँदै प्रधानमन्त्री वालेन्द्र शाहले सामाजिक सञ्जाल फेसबुकमार्फत खेल क्षेत्रको विकासको लागि गर्नुभएको ऐतिहासिक घोषणा नेपालको खेलकुदको समग्र विकासमै महत्वपूर्ण मानिएको छ ।

नेपाल प्रिमियर लिगको छैटौं संस्करणदेखि होम एन्ड अवे प्रणालीमा प्रतियोगिता सञ्चालन गर्ने गरी सबै आठवटै क्लबका आफ्नै फ्लडलाइटसहितका क्रिकेट रङ्गशाला निर्माण हुने तथा क्रिकेट रङ्गशाला नेपाल सरकार, पूर्वाधार विकास मन्त्रालयले निर्माण गरिदिने भएपछि नेपालको खेलकुद क्षेत्र समग्र रुपमा गौरवान्वित भएको छ । यसक्रममा सुदूरपश्चिमको फाप्ला क्रिकेट रङ्गशालाको निर्माण प्रक्रिया अघि बढिसकेको तथा आगामी तीन महिनाभित्र सबै रङ्गशालाको निर्माण प्रकृया अघि बढाइने भएको छ। हाल एनपिएललमा सहभागी क्लबहरुका लागि विभिन्न रङ्गशालाको व्यवस्था गरिने भएको छ । जसअनुसार विराटनगर किङ्गसकालागि बैजनाथपुर क्रिकेट रङ्गशाला, लुम्बिनी लायन्सकालागि सिद्धार्थ क्रिकेट रंगशाला,कर्णाली याक्सकालागि सुर्खेत क्रिकेट रङ्गशाला, सुदूरपश्चिम रोयल्सकालागि फाप्ला क्रिकेट रङ्गशाला, काठमाडौं गुर्खाजकालागि कीर्तिपुर क्रिकेट मैदान, पोखरा एभेन्जर्सकालागि पोखरा क्रिकेट रङ्गशाला, जनकपुर बोल्ट्सकालागि रामजानकी क्रिकेट रङ्गशाला र चितवन राइनोजका लागि गौतमबुद्ध क्रिकेट रङ्गशालामा आवश्यक कार्य गरिने भएको छ । क्रिकेटको व्यावसायिक विकास र विस्तारका लागि आवश्यक पूर्वाधार निर्माणमा सरकारको अग्रसरताले विश्व मानचित्रमा नेपाललाई क्रिकेटको उचित भूमिको रुपमा पहिचान बनाउन स्थापित गर्ने अपेक्षा गरिएको छ ।

ज्योतिष-मार्गदर्शन



प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : पारिवारिक मेलमिलापको योग छ ।
वृष : शिक्षाको क्षेत्रमा अघि बढ्ने अवसर मिल्ने छ ।
मिथुन : शिक्षाको क्षेत्रमा गरेको लगानीबाट उत्साह मिल्ने छ ।
कर्कट : बन्धुसंगको सहकार्यमा अगाडि बढ्नु राम्रो हुनेछ ।
सिंह : साथीको साथ लिएर नयाँ कामको सुरुवात गर्दा फाइदा हुनेछ ।
कन्या : सञ्चित धन खर्च हुन सक्छ ।
तुला : विरोधी सक्रिय भएकाले व्यवहार गर्दा सचेत बन्नुपर्नेछ ।
वृश्चिक : बोलीको प्रभावले राम्रो काम बन्नेछ । प्रेम सम्बन्ध सुमधुर बन्नेछ ।
धनु : भाग्यको स्थानमा चन्द्रमा पुगेकाले प्रष्ट वक्ता बन्नु फाइदाजनक हुनेछ ।
मकर : पुराना साथीको साथ र सहयोग प्राप्त हुनेछ ।
कुम्भ: सामाजिक सेवामा भने तपाईले अवसर प्राप्त गर्नुहुनेछ ।
मीन: बिहान उठेर शिवको भजन सुनेमा दिन सहज बन्नेछ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

बारुणा यन्त्र	५२००११
प्रहरी (हण्टीङ्गलाईन)	४२००९९, ४२०२९९, १००
एम्बुलेन्स (रेडक्रस)	१०२
एम्बुलेन्स (मेडिकल कलेज)	५२६०९०, ५२६०९१
एम्बुलेन्स (हिमालय युवा क्लब)	९८०४८१५१२६
अञ्चल अस्पताल	५२००३३
जनकपुर सिटी हस्पिटल भानुचोक	५२५०१, ५२५८९९
नेपाल शिक्षक संघ (एम्बुलेन्स)	९८०१६४४४५५,९८५४०२८२९६
जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक	५२५३४१
रक्तसंचार (रेडक्रस)	५२०८७०
ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स)	९८५४०२७४३४
कृष्णा नर्सिङ्गहोम	५२१९१८
विरेन्द्र डेन्टल हेल्थ केयर	५२८४३७
आँखा अस्पताल	५२०३९७
रेडियो टुडे (९१ मेगाहर्ज)	९८०१६२६०२६
एयर पोर्ट	५९००५८, ५९००५२
विद्युत फ्युज शाखा	५९०८३४, ५९०८३५
साह केबुल	५२४७२२
जानकी केबुल	५२३७२८
म्याक्स टीभी	०४१-५९०८९७,९८०१६६८६५२
नगर सेफ्टी टैंक सफाई सेवा	५२१२६२
मुजेलिया प्रहरी चौकी	५२०७५०
सशस्त्र प्रहरी मुजेलिया	५२७२१३, ५२७८००
बुद्ध एयर	५२५०२२
यति एयरलायन्स, शिवचोक	५९०३०१/५९०३०२
होटल मानकी	९८१५८९३५३४, ९८१५८९३३४३
होटल रामा	५२००५९, ५२३८५४
वेलकम होटल	९८०१६२००६५, ९८०१६२००६४
गौतम होटल, बर्दिबास	०४४-५५००३४
जलेश्वर अस्पताल	०४४-५२००७०
प्रहरी (जलेश्वर)	०४४-५२०००९
एम्बुलेन्स (जलेश्वर)	०४४-५२०१००
विद्युत (जलेश्वर)	०४४-५२००६६, ५२०१६६

नेपाल रेल्वेको समय तालिका

जनकपुरधाम - जयनगर

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

जानकी मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
बिहान पूजा आरती	: ०७:०० बजे
बिहान ढोका बन्द	: १२:०० बजे
अन्न क्षेत्र	: निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय	: ०४:०० बजे
सन्ध्या पूजा आरती:साँझा	: ०७:३० बजे

राम मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
मंगल आरती	: ०७:३० बजे
महाप्रसाद भोग	: १२:०० बजे
दिउँसो ढोका खुल्ने समय	: ०३:३० बजे
सन्ध्या पूजा आरती साँझ	: ०७:०० बजे
रात्रि भोग	: ०९:०० बजे
पट बन्द	: ०९:१५ बजे

तीस हजार मेगावाट विद्युत् उत्पादन लक्ष्यअनुसार नयाँ ऊर्जा मिश्रण नीति बनाइँदै

काठमाण्डु । सरकारले आगामी १० वर्षभित्र ३० हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्यअनुसार नयाँ ऊर्जा मिश्रणको ढाँचा तयार गर्ने प्रक्रिया अघि बढाएको छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले जलविद्युत्, सौर्य, वायु तथा अन्य वैकल्पिक ऊर्जा स्रोतबाट उत्पादन हुने विद्युत्को अनुपात निर्धारण गर्ने गरी नयाँ ढाँचा बनाउन थालेको हो।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री बिराभक्त श्रेष्ठको निजी सचिवालयका अनुसार नयाँ ऊर्जा मिश्रणको ढाँचा तयार भएपछि लामो समयदेखि प्रभावित विद्युत् खरिद सम्झौता (पिपीए) प्रक्रिया पुनः सञ्चालन गर्न सहज हुने छ । नयाँ ढाँचाले आगामी दशकमा कुन प्रकृतिका ऊर्जा आयोजना कति आवश्यक पर्छन् भन्ने आधार तय गर्नेछ।

ऊर्जा मन्त्रालयले तयार गरिरहेको ढाँचामा नदी प्रवाही, अर्धजलाशययुक्त, जलाशययुक्त, पम्प स्टोरेज, सौर्य, वायु तथा अन्य वैकल्पिक ऊर्जा स्रोतबाट उत्पादन हुने विद्युत्को हिस्सा निर्धारण गरिनेछ। यसबाट मुलुकको दीर्घकालीन ऊर्जा आवश्यकता र उत्पादन संरचनाको खाका तयार हुनेछ।

हाल नेपालको कुल जडित विद्युत् उत्पादन क्षमता चार हजार २०० मेगावाट छ। उत्पादनको ठूलो हिस्सा नदी प्रवाही जलविद्युत् आयोजनाबाट प्राप्त भइरहेको छ । यस्ता आयोजनाबाट वर्षायाममा बढी र हिउँदमा कम विद्युत् उत्पादन हुने भएकाले मौसमी असन्तुलन कम गर्न ऊर्जा स्रोतको विविधीकरण आवश्यक देखिएको छ।

यसअघि १५ हजार मेगावाट विद्युत् उत्पादनको लक्ष्यलाई आधार बनाएर ऊर्जा मिश्रण निर्धारण गरिएको थियो । सरकारले अहिले ३० हजार मेगावाट उत्पादनको लक्ष्य अघि सारेपछि पुरानो अनुपातले दीर्घकालीन आवश्यकता पूरा गर्न नसक्ने निष्कर्षसहित नयाँ ढाँचा बनाउन लागिएको हो।



सन् २०१६ मा जारी राष्ट्रिय ऊर्जा सङ्कट निवारण नीति तथा विद्युत् विकास दशक (सन् २०१६-२०२६) ले पहिलोपटक विभिन्न स्रोतबाट विद्युत् उत्पादनको अनुपात निर्धारण गरेको थियो । उक्त नीतिमा जलाशययुक्त तथा पम्प स्टोरेज आयोजनाको हिस्सा ४० देखि ५० प्रतिशत र अर्धजलाशययुक्त आयोजनाको हिस्सा १५ देखि २० प्रतिशत कायम गर्ने लक्ष्य राखिएको थियो।

पछि १५ हजार मेगावाट उत्पादन लक्ष्यअनुसार तयार गरिएको ऊर्जा मिश्रणको ढाँचामा जलाशययुक्त तथा पम्प स्टोरेज आयोजनाको हिस्सा ३० देखि ३५ प्रतिशत, नदी प्रवाही आयोजनाको २५ देखि ३० प्रतिशत, अर्धजलाशययुक्त आयोजनाको ३० देखि ३५ प्रतिशत र अन्य वैकल्पिक ऊर्जाको पाँचदेखि १० प्रतिशत निर्धारण गरिएको थियो। सौर्य ऊर्जाका लागि पनि करिब १० प्रतिशत हिस्सा प्रस्ताव गरिएको थियो।

२०७९ असारमा मन्त्रिपरिषद्ले नदी प्रवाही आयोजनाको हिस्सा बढाएर ४० देखि ४५ प्रतिशत पुऱ्याएपछि विद्युत् खरिद सम्झौता प्रक्रिया पनि सोहीअनुसार अघि बढाइएको थियो । त्यसपछि नेपाल विद्युत् प्राधिकरणको सञ्चालक समितिले एक हजार ५०० मेगावाटसम्मका नदी प्रवाही आयोजनाको विद्युत् खरिद सम्झौता स्वीकृत गरेको थियो।

गत आर्थिक वर्षको बजेटमार्फत नदी प्रवाही आयोजनामा 'टेक एन्ड पे' व्यवस्था लागू भएपछि विद्युत् खरिद सम्झौता प्रक्रिया थप प्रभावित भयो । त्यसयता नदी प्रवाहीसँगै अर्धजलाशययुक्त आयोजनाको विद्युत् खरिद सम्झौता पनि रोकिएको छ।

प्राधिकरणका अनुसार हालसम्म ४०४ नदी प्रवाही आयोजनासँग छ हजार ७१३ दशमलव ४४ मेगावाट, ५१ अर्धजलाशययुक्त आयोजनासँग चार हजार १८६ दशमलव ८१ मेगावाट र एउटा जलाशययुक्त आयोजनासँग १४० मेगावाट विद्युत् खरिद सम्झौता भइसकेको छ तर थप २८१ आयोजनासहित कुल १६ हजार ४२५ दशमलव ७७ मेगावाट क्षमताका आयोजना विद्युत् खरिद सम्झौताको प्रतीक्षामा छन्।

विद्युत् खरिद सम्झौता नहुँदा आयोजना विकासका लागि आवश्यक वित्तीय व्यवस्थापन प्रभावित हुँदै आएको छ। बैंक तथा वित्तीय संस्थाले विद्युत् बिक्रीको सुनिश्चितता खोज्ने भएकाले विद्युत् खरिद सम्झौतालाई आयोजना निर्माणका लागि लगानी जुटाउने प्रमुख आधार मानिन्छ । त्यसैले नयाँ ऊर्जा मिश्रणले विद्युत् खरिद सम्झौताको प्रक्रिया अघि बढाउन सहज बनाउनुका साथै निजी क्षेत्रको लगानी, आयोजना निर्माण र रोजगारी सिर्जनामा पनि सहयोग पुग्ने अपेक्षा गरिएको छ।

नयाँ ऊर्जा मिश्रणमा वैकल्पिक ऊर्जा स्रोतलाई समेत स्थान दिने तयारी गरिएको छ। यसअघि नेपालको विद्युत् उत्पादन योजना मुख्यतः जलविद्युत्मा केन्द्रित रहँदै आएको थियो । पछिल्लो समय सौर्य ऊर्जाको हिस्सा विस्तार हुँदै गए पनि वायु ऊर्जाबाट हुने उत्पादन भने नगण्य छ। जलविद्युत्मा अत्यधिक निर्भर रहँदा हिउँदमा उत्पादन घट्ने र माग व्यवस्थापनका लागि भारतबाट विद्युत् आयात गर्नुपर्ने अवस्था छ।

यस्तो निर्भरता घटाउन सौर्य, वायु तथा अन्य वैकल्पिक ऊर्जा स्रोतलाई राष्ट्रिय ऊर्जा प्रणालीमा समेट्ने तयारी गरिएको हो। ती स्रोतको सम्भावना र उत्पादन क्षमताबारे मन्त्रालयले अध्ययन गरिरहेको छ।

सन्तुलित ऊर्जा मिश्रणले वर्षायाम र हिउँद दुवैमा विद्युत् आपूर्ति व्यवस्थापन गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । विशेषगरी जलाशययुक्त र पम्प स्टोरेज आयोजनाले ऊर्जा सञ्चय गरी मागअनुसार आपूर्ति व्यवस्थापन गर्न सक्छन्। त्यस्तै, सौर्य र वायु ऊर्जाको विकासले उत्पादनका स्रोत र समयगत विविधता बढाउन सहयोग पुऱ्याउनेछ।

नयाँ ऊर्जा मिश्रणको ढाँचा तयार भएपछि नेपाल विद्युत् प्राधिकरणले आयोजनाको प्रकृति र आवश्यकताका आधारमा विद्युत् खरिद सम्झौता प्रक्रिया अघि बढाउन सक्नेछ। यसबाट लगानीको प्रतीक्षामा रहेका हजारौँ मेगावाट क्षमताका आयोजना विकासको चरणमा प्रवेश गर्ने अपेक्षा गरिएको छ।

तीस हजार मेगावाट उत्पादनको लक्ष्य हासिल गर्न उत्पादन क्षमता विस्तार मात्रै पर्याप्त हुने छैन। आन्तरिक विद्युत् खपत बढाउने, प्रसारण पूर्वाधार विस्तार गर्ने र अन्तरदेशीय विद्युत् व्यापारलाई पनि सँगसँगै अघि बढाउनुपर्नेछ। मौसमी मागअनुसार विद्युत् उपलब्धता सुनिश्चित गर्नुका साथै निर्यात बजार विस्तार गर्नु पनि चुनौतीका रूपमा रहेको छ।

नेपालले भारतसँगै बङ्गलादेशमा समेत विद्युत् निर्यातको सम्भावना विस्तार गरिरहेका बेला सन्तुलित ऊर्जा मिश्रणले निर्यातयोग्य विद्युत् उत्पादन बढाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ । यसबाट विद्युत् व्यापारमार्फत विदेशी मुद्रा आर्जन गर्ने अवसरसमेत विस्तार हुन सक्नेछ। रासस

चिनियाँ सहयोगमा हाइब्रिड धानको सफल परीक्षण

नारायणगढ । चीनको छोङछिङस्थित कृषि विज्ञान प्रतिष्ठानबाट प्राप्त प्राविधिक सहयोगमा हाइब्रिड धानको परीक्षण तथा प्रदर्शन खेती गरिएको छ।

प्रतिष्ठानको सहयोगमा सञ्चालित दक्षिणी कृषि विज्ञान तथा प्रविधि पार्कमा नेपाल र चीनका कृषि विज्ञको सहकार्यमा गरिएको हाइब्रिड धानको प्रदर्शन खेतीमा प्रतिहेक्टर ६.८६ टन उत्पादन भएको जनाइएको छ।

चिनियाँ धान विशेषज्ञ वाङ छियानले चिनियाँ विशेषज्ञको प्राविधिक सहयोग तथा नेपाल र चीनका कृषि विज्ञको संयुक्त प्रयासमा उत्पादन हासिल भएको जानकारी दिनुभयो।

कृषि तथा वन विश्वविद्यालयका उपकुलपति प्राध्यापक ऋषिराम कट्टेलले चिनियाँ विशेषज्ञले प्राविधिक ज्ञान र अनुभव आदानप्रदान गर्दै नेपालमा धानको अनुसन्धान तथा परीक्षणमा सहयोग गरेको बताउनुभयो। आठ सय दिनभन्दा बढी समयको अनुसन्धानपछि उक्त उपलब्धि हासिल भएको हो।

छोङछिङ कृषि विज्ञान प्रतिष्ठानका उपाध्यक्ष तान पिङले दुवै देशका वैज्ञानिकबीचको सहकार्यबाट सफलता मिलेको बताउनुभयो।

सन् २०२३ को जुलाइमा छोङछिङ नगरका कम्युनिष्ट पार्टी सचिव युआन चियाजुनको चितवन भ्रमणका क्रममा 'भविष्य उज्यालो, जीवन्त गाउँ' कार्यक्रमअन्तर्गत दक्षिणी कृषि विज्ञान तथा प्रविधि पार्क परियोजना सुरु गरिएको हो।

परियोजनाअन्तर्गत धानखेती, भैंसीपालन र सागसब्जी खेतीका तीन वटा कृषि प्रविधि प्रदर्शन केन्द्र स्थापना गरिएको छ। परियोजनाले लगातार दुई वर्ष उत्पादनमा सफलता हासिल गरेको र सहभागी किसानले कतारलगायत मध्यपूर्वका देशमा सागसब्जी निर्यात हुन थालेको छ। रासस

एकडारा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
एकडारा, महोत्तरी
मधेश प्रदेश, नेपाल

कर्मचारी करारमा पदपूर्ती गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८३।०८।१०)

यस एकडारा गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को लागि तपसिल बमोजिम कर्मचारी सेवा करारमा पदपुर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजस्व तिरेका रसिद सहित यस कार्यलयमा निवेदन दिनुहुन अनुरोध छ। म्याद भित्र नबुझाएका र रीत नपुगी आएका दरखास्त उपर कुनै किसिमको कारबाही हुने छैन।

तपसिल

क्र.सं	विज्ञापन नं.	पद/सेवा/समुह	माग संख्या	परिक्षा दस्तुर	कैफियत
१	०१-२०८३/०८४	जनस्वास्थ्य अधिकृत (अधिकृत सातौं)	१	१०००	
२	०२-२०८३/०८४	पोषण सहजकर्ता (पाँचौं)	१	५००	
३	३-२०८३/०८४	अनमी (सहायक चौथो)	१	५००	

आवश्यक न्युन्तम योग्यता र अनुभव :

१. **शैक्षिक योग्यता:**

क) जनस्वास्थ्य अधिकृतको लागि मान्यता प्राप्त संस्थाबाट जनस्वास्थ्य बिषयमा कम्तिमा स्नातक तह उतिर्ण गरेको।

ख) पोषण सहजकर्ताको लागि मान्यता प्राप्त संस्थाबाट प्रविणता प्रमाण पत्र वा सो सरह (+२) उतिर्ण गरेको।

ग) अ.न.मि.को लागि मान्यता प्राप्त संस्थाबाट अ.न.मी उतिर्ण गरि SBA तालिम प्राप्त गरेको।

२. **कार्य अनुभव:**

क) सम्बन्धित क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिइनेछ।

३. **उमेर:-** कम्तीमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको।

४. **दरखास्त दिने स्थान:** एकडारा गाउँ कार्यपालिकाको कार्यालय एकडारा, महोत्तरी।

५. **दरखास्त दिने अन्तिम मितिः** २०८३।०८।२४ गते।

६. **दरखास्त दस्तुर:** यस गाउँपालिकाको प्रभु बैंकमा रहेको खाता नं. १३९०१०३९९४७०००५१ मा बुझाई सक्कलै भाउचर निवेदन साथ पेश गर्नुपर्नेछ।

७. **दरखास्त फारम पाईने स्थान:** एकडारा गाउँपालिकाको वेब साईड वा एकडारा गाउँपालिकाको कार्यालयवाट प्राप्त गर्न सकिन्छ।

८. **छनौटको किसिम:-** प्रारम्भिक योग्ताक्रमको सूची प्रकाशन र अन्तरवार्ता।

९. **आवेदन साथ संलग्न कागजातहरु:** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु।

(क) नागरिकता (ख) न्युन्तम योग्यताको लब्धांक प्रमाणपत्र / चारित्रिक प्रमाण पत्र

(ग) अनुवभ खुल्ने कागजात (घ) ३ प्रति पासपोर्ट साईजको फोटो

सेवा सुविधा: एकडारा गाउँपालिकाको निर्णय बमोजिम हुनेछ।

नोट: महिला, दलित, आदिवासी/जनजाति, मधेशी तथा विपन्न वर्ग लाई विशेष ग्राहयता दिने छ।

प्रमुख प्रशासकीय अधिकृत

नाम परिवर्तन गरिएको सूचना

यस कम्पनीको मिति २०८३।०८।०३ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरको मिति २०८३।०८।०९ गतेको निर्णय अनुसार लर्ड प्लाजा प्राइभेट लिमिटेडको नाममा रहेको सम्पुर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि समेत सम्पूर्ण सकार्ने व्यहोर्ने गरी साविकको नाम परिवर्तन गरी लर्ड रामायणा प्राइभेट लिमिटेड (**Lord Ramayana Private Limited**) कायम गरिएको व्यहोरा सम्वन्धित सवैको जानकारीकालागि यो सूचना प्रकाशित गरिएकोछ।

लर्ड रामायणा प्राइभेट लिमिटेड
(**Lord Ramayana Private Limited**)
जनकपुरधाम उपमहानगरपालिका-१४, धनुषा, मधेश प्रदेश, नेपाल

प्रभु बैंक लिमिटेड, शाखा कार्यालय मलंगवा, सर्लाहीका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना।

(सूचना प्रकासित मिति २०८३/०८/११ गते शुक्रबारको जनकपुर टुडे राष्ट्रिय दैनिक)

यस बैंकको शाखा कार्यालय मलंगवाका तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८३/०४/१३ गते बुधबारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनीक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएकोले मिति २०८३/०६/२९ गते बिहिबारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएकोले कर्जा असुलीको लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी बोलपत्रको माध्यमबाट पूनः लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरि लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन अर्थात भित्र गोप्य शिलबन्दी बोलपत्र बैकको **शाखा कार्यालय मलंगवा, सर्लाहीमा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात मिति २०८३/०८/१८ गते शुक्रबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको पहिलो दिन) बैंकको **शाखा कार्यालय मलंगवा, सर्लाहीमा** दिनको २:०० (दुई) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्वन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। पुनश्चः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उक्त बाँकी सम्पूर्ण कर्जाको साँवा व्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो स्वरुप रहेका तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

क. ऋणी, जमानतकर्ता तथा धितोको विवरण :

१. ऋणी: प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन, वन तथा वातावरण उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय विभाग, घरेलु तथा साना उद्योग कार्यालय मलंगवा, सर्लाहीमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७५/०७/१५ मा दर्ता भई प्रा.फ.र.नं. ७०४०/०७५/०७६, कायम भई नेपाल सरकार अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय मलंगवा, सर्लाहीबाट मिति २०७५/०७/१६ (मूं.अ.क. दर्ता मिति २०७५/०७/१६) मा करदताको नाम शैल कुमार देवी कारोवारको नाम बहु उद्देश्यीय कृषि फर्म भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०८७०१४९५ को प्रमाणपत्र प्राप्त **बहु उद्देश्यीय कृषि फर्म।**
ठेगाना : जिल्ला सर्लाही ब्रहमपुरी गा.पा. वडा नं. ६।

प्रोप्राइटर तथा जमानतकर्ता : शैल कुमार देवी (ना.प्र.नं. १९-०१-७०-०१११७, जारी मिति २०७०/०५/२७, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही)। ठेगाना : सर्लाही जिल्ला ब्रहमपुरी गा.पा. वडा नं. ६ (साविक नोकैल्वा गा.वि.स. वडा नं. ६)। बाबु : बुनिलाल राय। पति : कृष्णा राय। ससुरा : हिरा राय।	**जमानतकर्ता : राजन कुमार यादव** (ना.प्र.नं. १९-०१-७१-०३१११, जारी मिति २०७१/०३/३०, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही) ठेगाना : सर्लाही जिल्ला ब्रहमपुरी गा.पा. वडा नं. ६ (साविक नोकैल्वा गा.वि.स. वडा नं. ६)। बाबु : कृष्णा राय। बाजे : हिरा राय।
जमानतकर्ता : कृष्णा राय (ना.प्र.नं. ६५७६१३५४, जारी मिति २०३५/०२/०३, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही)। ठेगाना : सर्लाही जिल्ला ब्रहमपुरी गा.पा. वडा नं. ६ (साविक नोकैल्वा गा.वि.स. वडा नं. ६)। बाबु : हिरा राय बाजे : .....राय।	**जमानतकर्ताः सुशिल कुमार यादव** (ना.प्र.नं. १९ ६५७६४४९३, जारी मिति २०५३/०५/२३, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही) ठेगाना : सर्लाही जिल्ला ब्रहमपुरी गा.पा. वडा नं. ६ (साविक नोकैल्वा गा.वि.स. वडा नं. ६)। बाबु: हिरा राय। बाजे : ..... राय।

जमानतकर्ता : किरण कुमारी (ना.प्र.नं. १९१०४६/९७,जारीमिति २०६७/०३/०२, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही)। ठेगाना : सर्लाही जिल्ला ब्रहमपुरी गा.पा. वडा नं. ६ (साविक नोकैल्वा गा.वि.स. वडा नं. ६)। बाबु: पल्टु राय यादव। पति : सुनिल कुमार यादव। ससुरा : हिरा राय।	**जमानतकर्ता : संजिव कुमार यादव** (ना.प्र.नं. १९१०४६/१३, जारी मिति २०६४/०२/०७, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही)। ठेगाना : सर्लाही जिल्ला ब्रहमपुरी गा.पा. वडा नं. ६ (साविक नोकैल्वा गा.वि.स. वडा नं. ६)। बाबु : कृष्णा राय, बाजे : हिरा राय	**जमानतकर्ता : राहुल कुमार यादव** (ना.प्र.नं. १९-०१-७५-०९५९३, जारी मिति २०७५/०९/२४, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही)। ठेगाना : सर्लाही जिल्ला ब्रहमपुरी गा.पा. वडा नं. ६। बाबु : सुनिल कुमार यादव। बाजे : हिरा राय।

धितो लिलाम बिक्री हुने सम्पत्तिको विवरण

१. **शैल कुमारी देवी** को नाममा मालपोत कार्यालय मलंगवा सर्लाही मा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला नोकैल्वा गा.वि.स. वडा नं. ७, नक्सा सिट नं. ७क, स्थित कित्ता नं. ६४, ५६४, ७८५, २१२, ७०८, ७०३, १०२०, ५६७ र १३५३ को क्षेत्रफल ०-११-१३१/२-०, ०-११-१२ १/२-०, ०-८-१५ १/४-०, ०-२-४-०, ०-१-१० १/२-०, ०-४-१२ १/२-०, ०-७-१९-०, ०-१५-७-० र ०-१६-२-० (बिघा)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत १

२. **किरण कुमारी, राहुल कुमार यादव र आरती कुमारी**को संयुक्त नाममा मालपोत कार्यालय मलंगवा, सर्लाहीमा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला नोकैल्वा गा.वि.स. वडा नं. ७, नक्सा सिट नं.७क, स्थित ७ कित्ता नं. ११८५, ७८४ र १४२४ को क्षेत्रफल ०-२-१३ १/२-०, ०-१५-१५-०, ०-६-०-० (बिघा)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत १

३. **सुशिल कुमार यादव**को नाममा मालपोत कार्यालय मलंगवा सर्लाही मा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला नोकैल्वा गा.वि.स. वडा नं. ७, नक्सा सिट नं ७ख, स्थित कित्ता नं. २८ क्षेत्रफल ०-८-१०-० (बिघा)को घर/जग्गा र ऐ ऐ. वडा नं. ५, नक्सा सिट नं.५घ, स्थित कित्ता नं. ३३९, क्षेत्रफल ०-७-०-१० (बिघा)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेकोसम्पूर्ण लिगलगापात समेत १

४. ऋणी **बहु उद्देश्यीय कृषि फर्म**को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण १

२. ऋणी: प्रदेश सरकार, प्रदेश नं. २ उद्योग, पर्यटन, वन तथा वातावरण उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय विभाग, घरेलु तथा साना उद्योग कार्यालय मलंगवा, सर्लाहीमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७५/०७/१५/०५ मा दर्ता भई प्रा.फ.र.नं. ६१४९/०७५/०७६ कायम भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय मलंगवा, सर्लाहीबाट मिति २०७५/०७/१६ (मूं.अ.क. दर्ता मिति २०७५/०७/१६) मा करदताको नाम शैल कुमार देवी कारोवारको नाम शुभ लक्ष्मी हार्डवेयर एण्ड सप्लायर्स भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र न ६०८७०१४९५ को प्रमाणपत्र प्राप्त **शुभ लक्ष्मी हार्डवेयर एण्ड सप्लायर्स।**
ठेगाना : जिल्ला सर्लाही ब्रहमपुरी गा.पा वडा नं. ६, ।

प्रोप्राइटर तथा जमानतकर्ता : शैल कुमार देवी (ना.प्र.नं. १९-०१-७०-०१११७, जारी मिति २०७०/०५/२७, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही)। ठेगाना : सर्लाही जिल्ला ब्रहमपुरी गा.पा. वडा नं. ६ (साविक नोकैल्वा गा.वि.स. वडा नं. ६)। बाबु : बुनिलाल राय। पति : कृष्णा राय, ससुरा : हिरा राय।	**जमानतकर्ता : राजन कुमार यादव** (ना.प्र.नं. १९-०१-७१-०३१११, जारी मिति २०७१/०३/३०, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही) ठेगाना : सर्लाही जिल्ला ब्रहमपुरी गा.पा. वडा नं. ६ (साविक नोकैल्वा गा.वि.स. वडा नं. ६)। बाबु : कृष्णा राय। बाजे : हिरा राय।
जमानतकर्ता : संजिव कुमार यादव (ना.प्र.नं. १९१०४६/१३, जारी मिति २०६४/०२/०७, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही)। ठेगाना : सर्लाही जिल्ला ब्रहमपुरी गा.पा. वडा नं. ६ (साविक नोकैल्वा गा.वि.स. वडा नं. ६)। बाबु : कृष्णा राय, बाजे : हिरा राय।	**जमानतकर्ता : कृष्णा राय** (ना.प्र.नं. ६५७६१३५४, जारी मिति २०३५/०२/०३, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही)। ठेगाना : सर्लाही जिल्ला ब्रहमपुरी गा.पा. वडा नं. ६ (साविक नोकैल्वा गा.वि.स. वडा नं. ६)। बाबु : हिरा राय, बाजे : .....राय।

धितो लिलाम बिक्री हुने सम्पत्तिको विवरण

१. **शैल कुमारी देवी**को नाममा मालपोत कार्यालय मलंगवा, सर्लाहीमा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला नोकैल्वा गा.वि.स. वडा नं. ७, नक्सा सिट नं. ७क, स्थित कित्ता नं. २०८, क्षेत्रफल ०-२-१५-० (बिघा)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेकोसम्पूर्ण लिगलगापात समेत १

२. ऋणी **शुभ लक्ष्मी हार्डवेयर एण्ड सप्लायर्स**को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ..१

पुनश्चः

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको **प्रधान कार्यालय,बबरमहल,काठमाण्डौ र शाखा कार्यालय मलगँवा, सर्लाहीबाट** प्राप्त गर्न सकिनेछ।

२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको **प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ तथा शाखा कार्यालय मलगँवा, सर्लाहीमा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK

प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१९०००

मन्त्री गणेशको प्रतिबद्धता : निजगढ अन्तर्राष्ट्रिय विमानस्थल छिट्टै निर्माण हुने

टुडे समाचारदाता

बारा । निजगढ अन्तर्राष्ट्रिय विमानस्थल छिट्टै नै निर्माण हुने संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री खड्कराज पौडेल ‘ गनेस’ ले प्रतिबद्धता जनाएका छन् ।

बिहीवार बाराको सिमरामा आयोजित पर्यटन तथा होटल व्यवसायीहरूसँगको छलफलमा



मन्त्री पौडेलले निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको प्रभावित क्षेत्रमा बसोबास गर्नेहरूलाई अन्यायमा नपर्ने गरी व्यवस्थापन गर्ने बताएका हुन् ।

‘निजगढ विमानस्थल बन्छ त्यहाँ भएका प्रभावित जनता अन्यायमा नपर्ने गरी पुनः स्थापना हुन्छ’ मन्त्री पौडेलले भने-‘निजगढ विमानस्थलको हाम्रो लाइफलाइन हो त्रिभुवन विमानस्थल अब यो भन्दा बढी क्षमतामा चल्न सक्ने अवस्थामा छैन ।’

यता, सरकारले निजगढ अन्तर्राष्ट्रिय विमानस्थल बनाउने घोषणा गरिरहँदा सो क्षेत्रको चार किल्लाभित्र बसोबास गर्ने टाँगिया बस्तीका नागरिकलाई भने स्थानीय जनप्रतिनिधिले पुर्जा वितरणका लागि जिल्ला स्थित भूमि आयोगमा सिफारिस पठाएका छन् ।

राष्ट्रिय गौरवको आयोजना कोर वन क्षेत्र भित्रको बस्तीलाई बसोबासकै आधारमा अव्यवस्थित बसोबासीका नाममा पुर्जा वितरणको प्रक्रिया अगाडि बढाइएको हो । पर्यटन मन्त्री पौडेलले निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि बजेटको सुनिश्चितता नभएकोले केही ढिला हुन गएको बताएका छन् ।

‘पोखरा र गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका आफ्नै सीमितताहरू छन् तर हामीले जुन आकाङ्क्षामा पर्यटनको विकास गर्न खोजिरहेका छौं त्यसको केन्द्रको रूपमा निजगढ विमानस्थल रहेको छ’ उनले भने ‘निजगढ विमानस्थल बन्छ र बनाउनै पर्छ यसका लागि सबैको सहयोग आवश्यक पर्छ’

कार्यक्रममा सहभागी पर्यटन तथा होटल व्यवसायीहरूले पर्सा राष्ट्रिय निकुञ्ज, प्रसिद्ध धार्मिकस्थल महागढी मन्दिर र लिच्छिविकालीन ऐतिहासिक नगरी सिम्रौनगढमा पर्यटन प्रवर्द्धन गर्न संघीय सरकारले सहयोग गर्न आग्रह गरेका छन् ।

‘मधेस प्रदेशको पर्यटकीय क्षेत्रमा गरेको लगानी खेर जाँदैन यसमा म प्रतिबद्धता जनाउँदछु’ मन्त्री पौडेलले भने-‘प्रफुल्ल भएर, उत्साहित भएर, ढुक्क भएर सरकारको विश्वास गरेर होटल व्यवसायी साथीहरूले लगानी बढाउनुस् ।’

पर्यटन प्रवर्द्धनका नाममा देशभरमा साना-ठुला मठमन्दिर पुनर्निर्माणको लागि ३८ अर्ब बजेट आवश्यक पर्ने पौडेलले भनाइ छ । ‘सबैले भने जति दिने हो भने ३८ खर्ब बजेटले पनि नपुग्ने रहेछ त्यो सम्भव छैन’ उनले भने

कार्यक्रममा बारा क्षेत्र नं ४ का सांसद रहबर अन्सारीले पर्यटन मन्त्रालय सबै ठाउँमा पुग्न नसक्ने भएकोले पर्यटन सम्बन्धी साना योजनामा स्थानीय र प्रदेश सरकारले काम गर्नुपर्नेमा जोड दिए ।

एलआईसीको आड्मा साहमाथि ठगी र मिटरब्याजको आरोप

टुडे समाचारदाता

जनकपुरधाम । लाईफ इन्स्योरेन्स कर्पोरेशन (एलआइसी) नेपालको आड्मा धनुषाको लक्ष्मिनिया गाउँपालिका ४ सपही निवासी रामनारायण साहले ठगी र मिटरब्याजसहित कारोबार गर्दै आएको खुलासा भएको छ ।

पिडीतहरुले बिहीबार जनकपुरधाममा एक पत्रकार सम्मेलन आयोजना गरी साहले पहिला विभिन्न प्रलोभन देखाई एलआईसी बीमा खोल्ने पछि किस्ता रकम तिर्न नसकेको अवस्थामा आफूले तिरिदिने भनी तमसुक बनाई पछि जग्गा कब्जा गर्ने गरेको आरोप लगाएका छन् ।

पत्रकार सम्मेलनमा उपस्थित पिडीत स्थानीय संजयकुमार साहकी श्रीमति पुनम देवी पीडा पोख्दै भनिन् पहिला आफ्नो श्रीमानलाई ललाई फकाई बीमा खोलि दिए । पछि किस्ता रकम तिर्न नसकेपछि दुई लाख जम्मा रकमबाट ऋण दिलाई दिने भन्दै तत्काल आफैले तिर दिने भनेर तमसुक बनायो । अहिले आएर आफ्नो जग्गा कब्जा गर्न खोजेको छ ।

उनका अनुसार बीमा अभिकर्ता साहले पुनमदेवीको जग्गा रोक्का समेत गराई दिएका छन् । हाल उनले पिडीतसँग साढे ९ लाख रुपैया ब्याजसहित माग गरिरहेको छ । पूनमले भनिन् वर्ष २०७६ सालदेखि नै आफू न्यायका लागि ध्याई रहेको छु । तर कुनै सरोकारवाला निकायले चासो लिएको छैन । जिल्ला अदालत र उच्च अदालतमा



बीमा अभिकर्ता साहले पिडीतहरुमाथि नै मुद्दा दिएका छन ।

उच्च अदालतले २०७७ सालदेखि नै पिडीत पुनमको जग्गामा निषेधाज्ञा जारी गर्दै रोक्का गरिदिएका छन । अदालतबाट न्याय नपाउने आशदेखेपछि पिडीतले पछिल्लो साता जिल्ला प्रहरी कार्यालय धनुषा जाहेरी दिएपछि उनी परेको थियो । तर छलफलका लागि भन्दै आइतवार नै सोमवार उपस्थित हुने शर्तमा छाडिसकिएको छ ।

हालसम्म उनी छलफलका लागि जिल्ला प्रहरी कार्यालयमा उपस्थित भएको छैन । यस्तै निर्मला देवी साहले बीमा अभिकर्ता साह आफ्नो नातेदार भएपनि ठगी गरेको आरोप लगाईन । उनले भनिन् आफूले डेढ लाख रुपैया ऋण लिएको थिए । अहिले आएर १२ लाख रुपैया माग गर्दै जग्गा कब्जा गर्न खाजेको आरोप लगाईन । उनले भनिन् डेढ लाख रुपैया चुक्ता गरिसकेको छु । ब्याजवापत थप डेढ लाख रुपैया दिन चाहेपनि जग्गा फिर्ता नगरी रोक्का गराई दिएको आरोप लगाईन ।

यस्तै अर्का स्थानीय पुनम देवी ठाकुरले पनि आफ्नो श्रीमानलाई बीमा बनाउने नाममा नै ठगी गरेको आरोप लगाईन । उनले पनि भनिन बीमा किस्ता तिर्ने नाममा आफ्नो श्रीमानलाई मदिरा खुवाएर तमसुक बनाई लियो थाहै भएन । अहिले आएर रकम बांकी छ भनी जग्गा कब्जा गरेका छन । साहमाथि जिल्ला प्रहरी कार्यालय चारवटा जाहेरी परेको छ ।

मुसहरको पीडा बुझ्न मन्त्री रावल मधेश आउँदै



टुडे समाचारदाता

जनकपुरधाम । अति पिछडिएको मुसहर समुदायको पीडा बुझ्न भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावल मंसिर ११ गते शुक्रवार मधेश भ्रमण्मा आउन लागेकी छिन् ।

उनले मधेस प्रदेशका धनुषा, सिरहा र सप्तरी जिल्ला भ्रमण गर्ने कार्यक्रम रहेको जनाइएको छ । भ्रमणका क्रममा मन्त्री रावलले तीनवटै जिल्लाका प्रमुख जिल्ला अधिकारी, नापी कार्यालय तथा भूमि प्रशासन कार्यालयका पदाधिकारी र स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरूसँग छलफल गर्ने छिन् ।

साथै, भूमिहीन, सुकुम्बासी तथा दलित समुदायको बस्तीमा पुगेर स्थानीय नागरिकसँग प्रत्यक्ष भेटघाट तथा अन्तरक्रिया गर्ने छिन् । विशेषगरी मुसहर बस्तीमा पुगेर त्यहाँका नागरिकले भोग्दै आएका जग्गा, आवास तथा अन्य समस्याबारे जानकारी लिने छिन् ।

अन्तरक्रियाका क्रममा मन्त्रालयबाट हालसम्म भएका काम, समस्या समाधानका लागि अघि बढाइएका प्रयास, आगामी योजना तथा नागरिकका गुनासाको सम्बोधनका उपायबारे समेत जानकारी आदानप्रदान गरिनेछ ।

गुठी जग्गामा अवैध संरचना निर्माण नगर्न चेतावनी



टुडे समाचारदाता

जनकपुरधाम । गुठी संस्थान मातहतका जग्गामा अनधिकृत रूपमा संरचना निर्माण तथा अतिक्रमण नगर्न गुठी संस्थान शाखा कार्यालय जनकपुरधामले सर्वसाधारणलाई चेतावनी दिएको छ ।

गुठी संस्थानको स्वामित्व तथा रेखदेखमा रहेका जग्गाहरू धार्मिक, सांस्कृतिक एवं सार्वजनिक महत्वका सम्पत्ति रहेको उल्लेख गर्दै कार्यालयले त्यस्ता जग्गामा पछिल्लो समय केही व्यक्ति तथा समूहबाट अनधिकृत रूपमा संरचना निर्माण र अतिक्रमण भइरहेको ध्यानाकर्षण गराउदै चेतावनी दिएको हो ।

कार्यालयले एक सूचना जारी गर्दै आफ्नो लिखित अनुमति र कानुनी प्रक्रिया पूरा नगरी गुठी जग्गामा कुनै पनि प्रकारको निर्माण कार्य नगर्न, जग्गा भोगचलन नगर्न तथा अतिक्रमणजन्य गतिविधि नगर्न/नगराउन आग्रह गरेको छ ।

सूचनामा गुठी जग्गामा अनधिकृत गतिविधि गरेको पाइएमा प्रचलित गुठीसम्बन्धी कानुन तथा स्थानीय प्रशासन ऐनबमोजिम कडा कानुनी कारबाही गरिने चेतावनी दिइएको छ ।

त्यसैगरी, अनधिकृत कार्यबाट गुठी सम्पत्तिमा क्षति पुगेमा त्यसबाट भएको हानिनोक्सानीसमेत सम्बन्धित व्यक्ति वा पक्षबाट असुलउपर गरिने गुठी संस्थानले स्पष्ट पारेको छ ।

गुठी जग्गाको संरक्षण र अतिक्रमण नियन्त्रण गर्ने उद्देश्यले जारी गरिएको सूचनालाई बेवास्ता गरी गैरकानुनी गतिविधि नगर्न कार्यालयले सर्वसाधारणलाई सचेत गराएको छ ।

जंगली हातीको आक्रमणबाट दुईजनाको मृत्यु

टुडे समाचारदाता

राजविराज । जंगली हात्तीको आक्रमणबाट पछिल्लो १० दिनमा सप्तरी जिल्लामा दुई जनाको मृत्यु भएको छ भने दुई जना घाइते भएका छन् ।

हात्तीको बथान बस्तीमा प्रवेश गरी मानवीय क्षति पुर्याउनुका साथै घर तथा अन्नबालीमा समेत क्षति गर्न थालेपछि वन क्षेत्र आसपासका बस्तीमा त्रास फैलिएको छ । बुधबार बिहान रुपनी गाउँपालिका-६ मिलनचोकमा जङ्गली हात्तीको आक्रमणबाट ५३ वर्षीय शुपबहादुर श्रेष्ठको मृत्यु भएको छ ।

बिहान करिब १:३० बजे ३० देखि ३५ वटाको सङ्ख्यामा रहेका हात्ती श्रेष्ठको घरमा पुगेका थिए । हात्ती आएको देखेपछि घरबाट बाहिर निस्केर भाग्ने क्रममा हात्तीले आक्रमण गर्दा उनको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक हेमराज घिमिरेले जानकारी दिए ।

घटनाको जानकारी पाएलगत्तै इलाका प्रहरी कार्यालय रुपनीबाट प्रहरी टोली घटनास्थल पुगेको थियो । पछि प्रहरी निरीक्षक राज यादवको नेतृत्वमा जिल्ला प्रहरी कार्यालयबाट थप टोली परिचालन गरिएको थियो । मृतकको शव परीक्षणका लागि राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा राखिएको



प्रहरीले जनाएको छ । यसअघि गत कार्तिक २९ गते सुरुङ्गा नगरपालिका-४ स्थित बिधन सामुदायिक वनमा हात्तीको आक्रमणबाट ७२ वर्षीय गोपी चौधरीको मृत्यु भएको थियो ।

जंगलमा बाख्रा खोज्न गएका चौधरीलाई हात्तीले आक्रमण गरी गम्भीर घाइते बनाएको थियो । उपचारका लागि सिरहाको प्रादेशिक अस्पताल लहान पुर्याइएका उनलाई सोही दिन राति ११ बजे चिकित्सकले मृत घोषणा गरेका थिए ।

सो जंगली हात्तीको बथानले रुपनी गाउँपालिका-६ मा नौ वटा घर तथा भान्सा संरचनामा क्षति पुर्याएको प्रहरीले जनाएको छ । हात्ती धपाउने क्रममा स्थानीय ४७ वर्षीय शिवशङ्कर यादव लडेर घाइते भएका छन् । उनको घुँडा र हातको कुहिनामा चोट लागेको र अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ ।

यस्तै, अग्निसाइर कृष्णासवरन गाउँपालिका-२ मा हात्तीको आक्रमणबाट स्थानीय गजेन्द्रनारायण शाह घाइते भएका छन् । उनको राजविराजस्थित छिन्नमस्ता अस्पतालमा उपचार भइरहेको वडाध्यक्ष पशुपतिप्रसाद चौधरीले जानकारी दिएका छन् ।

करिब दुई सातादेखि रुपनी र अग्निसाइर कृष्णासवरन गाउँपालिकासहित सुरुङ्गा तथा खडक नगरपालिकाका विभिन्न बस्तीमा जङ्गली हात्तीको बथान प्रवेश गरिरहेको छ । हात्तीले स्थानीयवासीमाथि आक्रमण गर्नुका साथै धान, कोदो र आलुखेतीमा समेत क्षति पुर्याउँदै आएको छ ।

लगातार हात्तीको आक्रमणबाट मानवीय क्षति हुन थालेपछि वन क्षेत्र आसपासका स्थानीयवासीमा थप त्रास बढेको छ । विशेषगरी रातिको समयमा हात्ती बस्तीमा प्रवेश गर्दा स्थानीयको जनधन जोखिममा पर्ने गरेको रुपनी-६ का विजय भगतले बताए ।

पत्रकारहरुको आन्दोलन : राजनीतिक दलको कार्यालय अगाडि धर्ना

टुडे समाचारदाता

जनकपुरधाम । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षण र विभिन्न माग सम्बोधनका लागि नेपाल पत्रकार महासंघले दोस्रो चरणको आन्दोलन घोषणा गरेको छ ।

सरकारले पहिलो चरणको आन्दोलनलाई बेवास्ता गरेको भन्दै महासंघले थप दबाब दिन र संघीय संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दललाई आफ्ना मागमा सहमत गराउन दोस्रो चरणको आन्दोलन घोषणा गरेको हो ।

मंसिर १३ गतेदेखि १८ गतेसम्म विभिन्न राजनीतिक दलका कार्यालयमा एक घण्टा धर्ना दिने कार्यक्रम तय गरेको छ भने धर्ना बिहान ११ बजेदेखि दिउँसो १२ बजेसम्म सञ्चालन हुने महासंघले जनाएको छ ।

घोषित कार्यक्रम अनुसार मंसिर १३ गते राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को कार्यालयमा धर्ना दिइनेछ । त्यसका लागि ‘संकटमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता : रास्वपाको सरकारले सुनेन, सत्ताधारी दलले सुनिदेऊ’ भन्ने नारा तय गरिएको छ ।

त्यस्तै, मंसिर १४ गते नेपाली काग्रेस, १५ गते नेकपा एमाले, १६ गते नेकपा, १७ गते श्रम संस्कृति पार्टी र १८ गते राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) को कार्यालयमा धर्ना दिने महासंघले जनाएको छ । यी दलका कार्यालयमा ‘संकटमा



प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता : विपक्षी दल किन मौन ?’ भन्ने नारासहित धर्ना दिइनेछ ।

त्यसैगरी, मंसिर २० गते कालो लुगा, कालो पट्टी र कालो मास्क लगाएर काठमाडौंको माइतीघर तथा काठमाडौं बाहिरका जिल्लाका सदरमुकाममा प्रदर्शन गर्ने कार्यक्रम तय गरिएको छ ।

महासंघले समाचार कक्षमै प्रहरी प्रवेश गरी पत्रकारमाथि धरपकड गरिएको, प्रेस स्वतन्त्रता नियन्त्रण गर्ने मनसायसहित प्रेस काउन्सिल ऐनसम्बन्धी अध्यादेश जारी गर्ने प्रयास भएको, सञ्चारमाध्यममा अवरोध गर्नेलाई कारबाही नगरिएको तथा सरकारी र निजी सञ्चारमाध्यमबाट पत्रकारलाई जबर्जस्ती निष्कासन गरिएको भन्दै विरोध जनाउँदै आएको छ ।

त्यस्तै, पत्रकारको श्रम अधिकार उल्लंघन, लोककल्याणकारी विज्ञापनबापत पत्रपत्रिकाले पाउनुपर्ने रकम प्रेस काउन्सिल नेपालको सिफारिसअनुसार उपलब्ध नगराइएको र सरकारले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षणमा अनुदार व्यवहार देखाएको महासंघको आरोप छ ।

महासंघले कुनै पनि राजनीतिक दलले आफ्ना मागप्रति लिखित रूपमा ऐक्यबद्धता जनाउँदै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताप्रति प्रतिबद्धता जनाए उक्त दलको कार्यालयमा धर्ना नदिने स्पष्ट पारेको छ । यी आन्दोलनले माग सम्बोधन नभए तेस्रो चरणको आन्दोलनका कार्यक्रम घोषणा गर्ने महासंघले जनाएको छ ।

सवारी दुर्घटनामा बालकसहित दुईको मृत्यु

टुडे समाचारदाता

जनकपुरधाम । सवारी दुर्घटनामा परी धनुषा र सिरहामा गरी एक बालक सहित दुईजनाको मृत्यु भएको छ ।

धनुषामा ट्याक्टरको चक्काले किचेर १४ वर्षीय बालकको मृत्यु भएको हो । जिल्लाको कमला नगरपालिका-२ सराबेस्थित सडकमा ट्याक्टरले किच्दा हंसपुर नगरपालिका-९ रुदौली निवासी रामकुमार मण्डलका छोरा जिसान्त कुमार मण्डलको मृत्यु भएको हो ।

मधेश प्रदेश ०२-००१ त ३१९९ नम्बरको ट्याक्टर ब्याक गर्ने क्रममा ट्याक्टरमा सवार जिसान्त अचानक खसेका थिए । सोही क्रममा ट्याक्टरको चक्काले किच्दा उनी गम्भीर घाइते भएका थिए ।

घाइते बालकलाई उपचारका लागि प्रादेशिक अस्पताल जनकपुर लगिएकोमा उपचारकै क्रममा मृत्यु भएको नेपाल प्रहरीको केन्द्रीय समाचार कक्षले जनाएको छ । ट्याक्टर ब्याक गर्ने क्रममा भएको उक्त दुर्घटनाबारे थप अनुसन्धान भइरहेको छ ।

यस्तै सिरहामा स्कर्पियोको ठक्करबाट एक जना साइकलयात्रीको मृत्यु भएको छ । जिल्लाको गोलबजार नगरपालिका-४ स्थित निपनिया टोलमा स्कर्पियोको ठक्करबाट स्थानीय ५० वर्षीय बसन्त महराको मृत्यु भएको हो ।

सडकमा साइकल चलाउँदै गरेका महरालाई स्कर्पियोले ठक्कर दिँदा उनी गम्भीर घाइते भएका थिए । दुर्घटनालगत्तै उनलाई उपचारका लागि गोलबजार हेल्थकेयर पुर्याइएकोमा उपचारकै क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

दुर्घटनापछि स्कर्पियोसहित चालक फरार रहेका छन् । प्रहरीले फरार सवारीसाधन र चालकको खोजीकार्य तीव्र पारेको जनाइएको छ ।

पर्सामा २९ हजार बढी मतदाता थपिए

टुडे समाचारदाता

वीरगञ्ज । पछिल्लो मतदाता नामावली अद्यावधिकसँगै पर्सा जिल्लामा २९ हजार ५६८ जना नयाँ मतदाता थपिएका छन् । यससँगै जिल्लामा कुल मतदाताको सङ्ख्या ३ लाख ८२ हजार ५२ पुगेको छ ।

निर्वाचन कार्यालय पर्साले सार्वजनिक गरेको विवरण अनुसार भदौ १५ गतेसम्म मतदाता नामावलीमा नाम दर्ता गराएका तथा सो अवधिसम्म १८ वर्ष उमेर पूरा गरेका नागरिक नयाँ मतदाताका रूपमा थपिएका हुन् । गत निर्वाचनमा जिल्लामा ३ लाख ५२ हजार ४८४ जना मतदाता रहेका थिए ।

निर्वाचन कार्यालय पर्साका सूचना अधिकारी अरुणकुमार ठाकुरका अनुसार जिल्लाका एक महानगरपालिका र १३ वटा



नगरपालिका तथा गाउँपालिकामा गरी कुल ३ लाख ८२ हजार ५२ जना मतदाता रहेका छन् ।

नयाँ विवरणअनुसार पर्सामा पुरुष मतदाताको संख्या २ लाख १४ हजार ९३० रहेको छ भने महिला मतदाता १ लाख ६७ हजार १०७ जना छन् । त्यस्तै, अन्य समूहका १५ जना मतदाता रहेका छन् । जिल्लामा पुरुष मतदाताको संख्या महिलाको तुलनामा ४७ हजार ८२३ ले बढी छ ।

स्थानीय तहगत विवरणअनुसार सबैभन्दा बढी मतदाता वीरगञ्ज महानगरपालिकामा रहेका छन् । महानगरमा १ लाख ४ हजार १७ जना मतदाता छन् । त्यस्तै, बहुदरमाई नगरपालिकामा २७ हजार ६२३, पर्सागढी नगरपालिकामा २४ हजार ३२० र पोखरिया नगरपालिकामा २१ हजार ६७२ जना मतदाता रहेका छन् ।

त्यसैगरी सखुवाप्रसौनी गाउँपालिकामा २१ हजार ३६४, जगरनाथपुरमा २० हजार ९०३, विन्दवासिनीमा १६ हजार २६२, छिपहरमाईमा १६ हजार ७, पटेर्वासुगौलीमा १५ हजार ४०७ र ठोरी गाउँपालिकामा १५ हजार २८५ जना मतदाता रहेका छन् ।

यस्तै, कालिकामाई गाउँपालिकामा १४ हजार ४५८, जीराभवानीमा १४ हजार ७६, धोबिनीमा १३ हजार १२३ र पकाहामैनपुर गाउँपालिकामा १३ हजार १०३ जना मतदाता रहेको जिल्ला निर्वाचन कार्यालयको तथ्यांकमा उल्लेख छ ।

क्षयरोगबाट बचौं र बचाऔं



- लामो समयसम्म खोकी लागेमा, खकारमा रगत देखिएमा, तौल घट्ने, ज्वरो आउने जस्ता लक्षण देखिएमा स्वास्थ्य जाँच गराऔं,
- क्षयरोग सरुवा रोग हो, समयमै पहिचान र नियमित उपचारबाट निको हुन सक्छ,
- स्वास्थ्यकर्मीको सल्लाह अनुसार क्षयरोगको औषधि नियमित सेवन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८